# सूर्तिजन्य पदार्थ नियन्त्रणमा प्रदेश तथा स्थानीय सरकारको भूमिका

प्रदेश नम्बर १, विराटनगर कार्यक्रम प्रतिवेदन

२०७५

**आयोजक**

एक्सन नेपाल, काठमाडौं र स्वास्थ्य पत्रकार मन्च नेपाल

**प्रतिवेदन तयार गर्ने**

भिषा काफ्ले, सचिव स्वास्थ्य पत्रकार मञ्च नेपाल

**१ कार्यक्रमको नामः** सूर्तिजन्य पदार्थ नियन्त्रणमा प्रदेश तथा स्थानीय सरकारको भूमिका

**२ स्थानः** प्रदेश १ को राजधानी विराटनगर

**३ मितिः** २०७५।१२।२२

**४ कार्यक्रम अध्यक्षताः** बन्दु पोखेल, पत्रकार महासंघ जिल्ला शाखा मोरङ्ग

**५ प्रमुख अतिथीः** जीवन घिमिरे, सामाजिक विकास मन्त्री, प्रदेश नम्बर १

**६ अतिथीहरुः**

रमेश कुमार केसी, प्रजिअ मोरङ्ग

बद्री बहादुर खड्का सह-सचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

प्राडा विश्णुदत्त पौडेलः क्यानसर रोग विशेषज्ञ वीर अस्पताल

एक देव अधिकारी प्रमुख प्रशाशकीय अधिकृत बिराटनगर महानगरपालीका

पुस्कर नेपालः कानुन उपसचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आनन्द बहादुर चन्द , अध्यक्ष एक्सन नेपाल

मनोज केसी प्रमुख जिल्ला प्रहरी कार्यालय मोरङ्ग

कल्पना आचार्य, अध्यक्ष स्वास्थ्य पत्रकार मन्च

७ कार्यक्रम संचालः अर्जुन कुमार आचार्य, सचिव स्वास्थ्य पत्रकार मन्च

८ प्रतिवेदनः भिषा काफ्ले, सचिव स्वास्थ्य पत्रकार मन्च

## ९ कार्यक्रमको पृष्ठभूमी

सरकारले झण्डै १० वर्ष अघि ल्याएको सुर्तिजन्य पदार्थी नियन्त्रण तथा नियमन गर्ने ऐनको पुर्ण रुपमा कार्यनवयन भइरहेको छैन । जनस्वास्थ्य संग प्रत्यक्ष रुपमा जोडिएको सो ऐन कार्यन्वयन नहुदा सुर्तिजन्य पदार्थको असरका कारण प्रत्येक वर्ष २७ हजार भन्दा बढी मानिसको मृत्यु भइरहेको छ । लाखौ मानिस प्रतयक्ष या अप्रत्यक्ष रुपमा यसबाट पिडीत छन् । देश नया संरचनामा गएसंगै ऐन कार्यन्वयन पनि तीनबटै सरकाको फरक फरक भूमिका रहेको छ । अहिले संघिय ऐन र सो एन अर्न्तगत बनेको निर्देशीकानै कार्यन्वयनको चरणमा रहेको अवस्थामा अव प्रदेश सरकार र स्थानीय सरकारले के कसरी अगाडी बढ्न सक्छन् भन्ने विषयमा यो कार्यक्रम आयोजना गरीएको हो ।

## १० कार्यक्रमको उदेश्य

१ प्रदेश र स्थानीय सरकारका सरोकारवालालाइ सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने बनेको ऐनको विषयमा जानकारी गराउने

२ संघिय ऐन संग नबाझिने गरी प्रदेश ऐन ल्याउन उत्प्रेरणा गर्ने ।

३ प्रादेशीक ऐन तयार नहुन्जेल सम्म विद्यामान संघिय ऐनलाइ कार्यन्वयन गराउन सरोकारवाला निकायलाइ झकझक्याउने ।

**११ कार्यक्रम संचालन प्रकृया**

कार्यक्रम संचालन पत्रकार महासंघ जिल्ला शाखा मोरङ्गका सचिव अर्जुन कुमार आचार्यबाट भएको थियो । कार्यक्रमको सभापतीत्व शाखाका अध्यक्ष बन्दु पोखेलल गर्नुभएको थियो । अध्यक्षता आसन ग्रहण पछि प्रमुख अतिथी तथा अथितीहरुको आसनग्रहण गराइएको थियो । आसन ग्रहण पश्चात स्वास्थ्य पत्रकार मन्चकी अध्यक्ष कल्पना आचार्यले कार्यक्रमको औचीत्यका साथै आमन्त्रीतहरुलाइ सुभकामना दिनुभएको थियो ।

**कार्यक्रमको जानकारी पीश्चात चारबटा कार्यपत्र प्रस्तुत भएका थिए**

**१ प्रडा विष्णुदत्त पौडेल, क्यानसर रोग विशेषज्ञ वीर अस्पताल**

सुर्तिजन्य पदार्थ र रोग विषयमा वीर अस्पतालका क्यान्सर रोग विशेषज्ञ विश्णुदत्त पौडेलले कार्यपत्र प्रस्तुती गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै डा पौडेलले शुर्ती जन्य पदार्थका कारण नेपालमा वार्षीक २७ हजार १ सय मानिसले अकालमा ज्यान गुमाउनुपरेको तथ्य पस्कनुभएको थियो । उहाले सुर्तिजन्य पदार्थबाट सृजितद रोगले व्यक्तिलाइ मात्र नभएर परिवारलाइ नै गरीविको रेखामुनी पुऱ्याएका धेरै उदाहरण रहेको प्रष्ट पार्नुभयो ।

**२ पुस्कर नेपाल, कानुन उपसचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

सरकारले २०६८ सालमै सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी कानुन ल्याएको उल्लेख गर्दै त्यसलाइ लागु गर्ने जिम्मा सबै सरकारी निकायको रहेको बताउनुभयो । पछिल्लो समय केही सुर्ति उद्योगीले सर्वोच्चमा हालेको रिट देखाउदे भ्रम छरेको तर त्यो रीटको कुनै फैसला नभएको अवस्थामा यस अघिको अदालतको फैसला र मौजुदा कानुन अनुसार नै कार्यन्वयन गर्न केहीले नरोक्ने बताउनुभयो । उहाले खिल्ली चुरोट बेच्न नपाइने, गर्भवती र १८ वर्ष मुनिका बालबालीकालालाइ चुरो बेच्न नपाइने बताउदै मापदण्ड विपरीतका सुर्तिजन्य पदार्थ जफत गरी नस्ट गर्ने प्रकृयाकोलागि साहायक प्रमुख जिल्ला अधिकरी र स्थानीय तहका प्रमुख कार्यकारी अधिकारीलाइ कानुनल अधिकार दिएको जानकारी गराउनुभयो ।

**३ आनन्द बहादुर चन्द, अध्यक्ष एक्सन नेपाल**

नेपालले सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न उत्कृष्ठ कानुन बनाएतापनि कार्यन्वयनको पक्षमा फितल भएको बताउनुभयो । सरकारले तीन वर्ष अघि नै सुर्तिजन्य पदार्थको खोल तथा ऱ्यापर्समा ९० प्रतिशत चेतावनीयुक्त चित्र तथा सन्देश छाप्नुपर्ने नियम बनाएतापनि उद्योगहरुले अटेर गरीरहेको बताउनुभयो । सुर्तिजन्य पदार्थमा जती ठूलो चेतावनीयुक्त चित्र सन्देश भयो त्यतीनै यस्ता चिजहरुको प्रयोगदर कम आउने आकडा प्रस्तुत गर्दै । सुर्तिजन्य पदार्थ प्रयोग कम सकरारले चेतावनीयुक्त सन्देस बढाउने र करको दायरा बढी गर्नुपर्ने उनको भनाइ थियो ।

**५ बद्री बा खड्का, सहसचिव स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

नेपालले एफसिटीसीमा हस्ताक्षर गरे संगै एन आएको छ । ऐन कार्यन्वयनमा आएपछि यसको प्रयोग दरमा केही कमी आएको छ । सुर्तीजन्य  पदार्थ प्रयोगबाट अकालमा मृत्यु हुर्ने अधिकंस मानिस हाम्रो जस्तो कम विकसीत मुलुकबाट छन् । सुर्तीजन्य पदार्थको कारण मृत्यु हुने मध्ये ८० प्रतिशत यस्ता मुलुकबाट हुने गरेको तथ्यांक छ । यसलाइ विश्व स्वास्थ्य संगठनले महामारीको रुपमा लिएको छ । नसर्ने रोगको प्रमुख कारण मा सुर्तिजन्य पदार्थको प्रयोग रही आएको छ । अहिलेका प्रमुख समस्या भनेको युवा पिडीमा बढ्दै गएको यसको कुलत हो । यो पीडिलाइ जोगाउन सक्यौ भने मात्र देशले स्वस्थ्य जनशक्ति उत्पादन गर्न सक्छ । स्वास्थ्य जनशक्तीबाट मात्र देशमा संवृद्धिको विकास सम्भव छ । अर्को कुरा सेकण्डहेण्ड स्मोक पनि ठूलो समस्या छ । एक जनाले खाएको सुर्तीले नजिक बस्ने अरुलाइ पनि असर गर्छ । हामीले के बुझाउनुपर्छ भने सुर्ती जसले सेवन गर्छ त्यसलाइ मात्र हैन नजिकको दोस्रो व्यक्तिलाइ पनि खराव गरीरहेको हुन्छ भन्ने चेतना जगाउन जरुरी छ ।

कानुन आएको छ । यो ऐन बनाउन १० वर्ष लाग्यो । कार्यन्वयनको चरणमा छ विभिन्न अफ्ठ्याराहरु आइरहेका छन् । सुर्ती उद्योगीहरु एक भएर यसको विरुद्धमा लागिरहेका छन् । यो यहामात्र हैन विश्वभरी नै हो । तर सरकारले विस्व समुदायमा कमिटमेन्ट गरीसकेको हुदा साना तिना कुरामा अल्झेर कार्यन्वयनकोलाइ हल्का रुपमा लिन हुदैन । देश संघिय संरचनामा गएको छ । यही संघिय कानुनलाइ आधार मात्रनेर प्रदेश र स्थानीय सरकारले नया सुहाउदो कानुन ल्याउन सक्छन् । तर संघिय कानुन भन्दा कमजोर भने हुन हुदैन ।

**१२ अथितीहरुको मन्तव्यको**

**जीवन घिमिरे सामाजिक विकास मन्त्री**

सुर्तीजन्य पदार्थ एकदमै खतरनाक चिज हो । स्लो पोइजन हो । यस्तो कुरालाइ नियन्त्रण गर्न म एकदमै कटीबद्ध छु । यसको एक्सन प्लान बनाउन आज दुइ बजे सरोकारवाला सबैलाइ मैले मन्त्रालयमा निमन्त्रणा गरेको छु । तत्काल के गर्न सकिन्छ र दिर्घकालीन रुपमा के गर्न सकिन्छ त्यहा बसेर छलफल गरौ ।  मलाइ पनि यो कुरा अनुभूती भइरहेको र गर्न नसकेको विषय थियो । मेरो एक

जना विष्णु भन्ने निष्ठावान साथी हुनुहुन्थ्यो । उहा विरामी हुनुहुन्थ्यो । मैले सोधे के भयो ? हेर्दै डरलाग्दो थियो । उहाले भन्नुभयो माछा खाएको थिए माछाको काडाले घोचेर यस्तो भयो । मैले पनि होला भने । पछि उहालाइ क्यान्सर भएको रहेछ । डाक्टरले पनि उहालाइ चै माछाकै काडाले घोचेका कारण हो भन्दीएको रहेछ । तर परिवारलाइ चाही क्यान्सर नै हो भन्दीएको रहेछ । जुन दिन त्यो दृष्य हेरेको थिए त्यो हेर्नै नसक्ने थियो । मेरो अर्को एक जना साथीले पनि सुर्ती सेवन गर्नुहुदो रहेछ । उहाले खाइरहेको सुर्तिको खोलमा मैले जस्तो घाउ देखेको थिए त्यस्तै चित्र रहेछ । मैले भने तपाइ किन सुर्ति खानुहुन्छ भनेर हकार त्यो कुरा सम्झाए । यसको नियनत्रणकोलागि हामीले दुइबटा तरीका अपनाउन जरुरी छ । एउटा सचेतनाका कार्यक्रम गरीहनुपर्छ अर्को भएका एन कानुनलाइ कार्यन्वयन गर्नुपर्छ । काही कतै अपुग छ भने नया कानुन बनाएर अगाडी बढ्नुपर्छ । हामीले अव चलाउने कार्यक्रम स्थायीत्व सहितको हुनुपर्छ । एक दुइ दिन अभियान चलायो सकियो भन्ने हुदैन । निरन्तर अनुगमन र मूल्यांकन गर्नुपर्छ । त्यसकालागि एउटा दिर्धकालीन संरचना बनाउनुपर्छ । मैले कोषी अन्चल अस्पताल सुधारकोलागि बनाएको कार्यदल बनाएको थिए सो कार्यदलले दिएको प्रतिवेदनको तत्काल गर्नुपर्ने कामको एक नम्बर सूचीमा अस्पताल भित्रको फोहोर व्यवस्थापन रहेको छ । सो फोहोर व्यवस्थापन भित्र पनि खैनी, चुरोटका बट्टा ठूटा जथाभावी फ्याकेर बनाइएको फोहोर व्यवस्थापन, गुड्का र पान खाएर जथाभावी थुकेका कारण भएको फोहोर नियन्त्रण प्रमुख रहेका छ । यसलाइ तत्काल नियत्रण गर्ने सुझाव दिएको छ । पत्ता लगाउदै जादा थाहा भयो त्यहाका प्रमुख पदमा बसेका व्यीक्तहरुनै फोहोरको खानी हुनुहुदोरहेछ । चिकित्सकहरु नै पान खाएर आउनुदोरहेछ । मैले उहाहरुसंग बसेर पनि यस विषयमा सल्लाह गरे तर पार लागेको छैन । अव वैकल्पीक खोजीमा छु । भरे वस्ने हाम्रो वैठकले केही उपाय आउलाकी भन्ने आशा लिएको छु । सुर्तिजन्य पदार्थ नियन्त्रणमा प्रशासन सहित जनसहभागीतालाई पनि संगसंगै लैजानुपर्छ । प्रदेश सरकारले आफ्नै तरीकाले एन ल्याएर नियमन गर्नुपर्छ भन्ने कुरा आएको छ । यस विषयलाइ म तत्काल अगाडी बढाउछु । ऐन नआउन्जेलको लागि संघिय कानुनलाइ नै आधार मानेर आजैबाट के गर्न सकिन्छ छलफल गरी अगाडी बढ्न माताहतलाइ निर्देशन दिन्छु ।

**रमेश कुमार केसी, प्रजिअ मोरङ्ग**

सुर्तिजन्य पदार्थ सम्बन्धी कानुन कार्यान्वयनको कुरा एकदमै जेलीएको छ । यतीधेरै सचेतनाका कुरा हुन्छन् सरकारले यती खर्च गर्छ । तर फेरी सरकारले नै सुर्ती उद्योग खोल्न दिन्छ । सुर्यटोवाको लागि किन बन्द नगर्ने । प्रत्येक टोल टेलमा पानपराग गुड्खाका पसल खोल्न दिने ? यसलाइ बन्द किन नगर्ने । पछिल्लो समय मानिसमा कसरी चाडै पुजी कमाउने भन्ने लालचले गर्दा जे मा धेरै पैसा कमाइन्छ त्यसैमा लगानी गर्ने परीपाटी देखापारेको छ । त्यसले नैतिकता इमान सबै हराउदै गएको छ । सभ्य समाज निर्माण गर्नलाइ यसलाइ नियन्त्रण गर्दै जानु पर्छ । करको दायरा बढाउने, अनीयन्त्रीत वेचविखनलाइ रोकथाम गर्ने साथै जनमानसमा सचेतना संग संगै लैजानुपर्छ । सुर्तीजन्य पदार्थलाइ मात्र हैन लागुपदार्थ र माधकपदार्थलाइ पनि नियनत्रण गर्नुर्पछ भनेर हामीले यि विरुद्धको चार महिने क्याम्पीयन हामी चलाइरहेका छौ । लागुपदार्थ र सुर्तीजन्य पदार्थको सेवन भयाभह छ । सामाजिक

विगकृती नियनत्रणकोलागि हामीले प्रहरी, प्रसासन र समाज मिलेर सामाजिक सहकार्यमा चलिरहेका छन् । जिल्ला प्रशासन कार्यलय मोरङ्ग कानुनले दिएको अधिकार उपयोग गरी यसलाइ नियनत्रण गर्नकोलागि हर तरहले लाग्छ ।

**एक देव अधिकारी, प्रमुख प्रशाशकीय अधिकृत विराटनगर महानगरपालीका**

एन नियमनको लागि स्थानीय तहको उपसमिती रहने व्यवस्था छ । स्थानीय सरकारलाइ उद्योग खोल्ने दिने अधिकार केन्द्रलाइ छ । नियमनको भूमिका  मात्र स्थानी सरकारलाइ कानुनले अधिकार दिएको अवस्था छ । धेरै निकाय जोडीएको विषय भएको हुदा प्रभावकारी रुपमा समन्वय हुन नसकेको देखीन्छ । सबैको तदारुकता एउटै नभएर पनि हुन सक्छ । यहाको सबैभन्दा ठूलो समस्या भनेको गुड्खा, खैनी र पानपराग नै हो । सानो लगानीमा घर घरमा उत्पादन गरेको पाइन्छ । कहा उत्पादन हुन्छ भन्ने नै थाहा हुदैन । अनुगमन गर्ने एउटा पाटो हो । तर त्यस्ता कुरा उत्पादन गर्ने अनुमती पाएको छ छैन त्यो तथ्यांक नै छैन । पहिलो समस्या भनेको हामीसंग यस क्षेत्रको सुर्तीजन्य पदार्थको तथ्यांक नै नहुनु हो ।

सरकारी निती के देखीन्छ भने उत्पादीत बस्तुहरुलाइ नियमन गर्ने तर पुर्ण रुपमा बन्देज नलगाउने देखीन्छ । तत्काल स्थानी सरकारलाइ उपसमिति मार्फत काम गर्ने सन्दर्भमा केन्द्रीय सरकारकै कानुनबाट धेरै काम गर्न सकिने देखीन्छ । तर आयात निर्यातलाइ यही कानुनका आधारमा स्थानीय सरकारले रोक लगाउन सक्ने अवस्था छैन । स्थानीय तहमा कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर स्थानीय सरकार र प्रदेश सरकारले कानुन बनाएर अगाडी बढ्नुपर्ने देखीन्छ ।

**१३ कार्यकम समापनः कार्यकम संचालकबाट**

**१४ उपलब्धी**

क) सामाजिक विकास मन्त्रीले तत्काल एन कार्यन्वयनमा देखाएको तदारुकता स्रहानीय छ । सामाजिक विकास मन्त्रीको तादरुकतामा सरोकारबाला निकायले तोकेता गर्न सके उपलब्धी हासील गर्न अन्य प्रदेश भन्दा सहज देखीन्छ ।

ख) कार्यकम पश्चिात एक्सन नेपाल, स्वास्थ्य पत्रकार मन्च, स्वास्थ्य मन्त्रालयका प्रतिनिधीहरु संगको छलफल डाकी दुइ दिन भित्रमा मन्त्रालय परिषरलाइ सुर्तिजन्य पदार्थ निसेधीत क्षेत्र घोषणा गर्नु । मन्त्रालय मातातहतका निकायमा बैसाख १ देखी सुर्तिजन्य पदार्थ निसेधीत क्षेत्र घोषणा गरी तत्काल कार्यन्वयनमा जानु कार्यकमको उपलब्धीको रुपमा लिन सकिन्छ ।

**१५ निश्कर्षः**

१ कानुन कार्यान्वयनमा संघ प्रदेश र स्थानीय सरकारको सहकार्य जरुरी छ ।

२ व्यापक जनचेतनाको आवश्यकता छ । जसकोलागि तीनै तहका सरकार, सामाजिक संघसंस्था, पत्रकार, नागरीक समाज एक हुनुपर्ने जरुरी छ ।

३ सुर्तिजन्य पदार्थ नियन्त्रणको लागि प्रदेश र स्थानीय सरकारले छुट्टै कानुन र कार्यविधी तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

४ यस प्रदेशमा संचालीत सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योग र ति पदार्थ प्रयोगकर्ता सम्बन्धी वृहत अध्ययन र अनुसन्धान गर्नुपर्ने देखीन्छ ।